बेसीशहर न.पा., लमजुङ
दर्ता नं.- २२३
मिति:- २०७९/०५/०४

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

**प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०७९/०५/०१ गते

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयबाट चालु आर्थिक वर्ष २०७९/०८० मा तपसिल बमोजिमका स्वीकृत वार्षिक विकास कार्यक्रम कार्यान्वयनका सम्बन्धमा **शिक्षा, विज्ञान प्रविधि, तथा भाषा, संस्कृति र पुरातत्व संरक्षण सम्बन्धी स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०७९ बमोजिम मापदण्डमा उल्लेखित आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशमा** वा सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयमा प्रस्ताव सहितको फाइल पेश गर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. विद्यालयमा विपद्/महामारी जोखिम न्यूनीकरण
२. निर्मित सामुदायिक शैक्षिक संस्थाहरुको भौतिक संरचनाहरुको मर्मत संभार
३. शहिद पार्क व्यवस्थापन अनुदान
४. विद्यालय एकिकरण समायोजनका लागि प्रोत्साहन अनुदान (विद्यालय र स्थानीय तहसँगको साझेदारिमा यातयातको साधन खरिद)
५. धार्मिक शिक्षा प्रदान गर्ने गुरुकुल, आश्रम, मदरसा, वैकल्पिक विद्यालयहरूलाई अनुदान
६. प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयहरुमा सिक्दै कमाउदै कार्यक्रम सञ्चालन
७. कोभिड-१९ का कारण अभिभावक गुमाएका बालबालिकाहरुको लागि राहत अनुदान
८. सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुलाई स्तरोन्नतीका लागि अनुदान (E-Learning समेत)
९. स्थानीय तह र सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता कार्यक्रम

यस सम्बन्धी थप जानकारी, प्रस्तावको ढाँचा र प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु मूल्याङ्कनका आधारहरु शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश पोखराको वेभसाइट www.mosd.gandaki.gov.np मा राखिएको आ.व. २०७९/०८० को शिक्षा, संस्कृति तथा विज्ञान प्रविधि सम्बन्धी कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९ बाट प्राप्त गर्न सकिनेछ । मापदण्डमा तोकिए बमोजिमको कागजातहरु पूरा नभएका फायलहरु प्रस्ताव मूल्याङ्कन प्रकृयामा समावेश गरिनेछैन ।

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

सचिव